# माछापुच्छ्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यलय

लाहाचोक कास्की
गण्डकी प्रदेश

# औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**बोलपत्र नं. २० /NCB /MRM /GOODS /०७७/७८**
**प्रथम पटक प्रकाशित २०७७०९।०२ गते**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ ब २०७७।०७८ का लागी स्वास्थ्य संस्थाहरुका **लागि** अत्यावश्यक औषधी तथा औषधीजन्य **सामाग्री** खरिद गरी स्वास्थ्य संस्थाहरुमा वितरण प्रयोजनका लागि सिलबन्दी दरभाउपत्रका माध्यमवाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१) यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रभु बैंक लि.को खाता नं १४००१०९२२३४०००६९ मा रु १०००। (एक हजार) तिरी (पछि फिर्ता नहुने गरी) यस माछापुच्छ्रे गाउँ कार्यपालिकाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व. २०७७/७८ सम्मको लागि नविकरण गरिएको औषधी व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. ०७६/७७ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० वजे भित्र यस माछापुच्छ्रे गाउँपालिका कार्यपालिकाको कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २.०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस माछापुच्छ्रे गाउँपालिका कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४) दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५) दरभाउपत्र पेश गर्दा खामको वाहिर यस माछापुच्छ्रे गाउँपालिकाको नाम सम्वोधन गरी दरभाउपत्र नं. र कामको विवरण खुलाई सिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

६) दरभाउपत्रमा **औजार उपकरण तथा सामाग्री** सामाग्रीहरु खरिदका लागि BOQ सम्लग्न हुनेछ ।

७) दरभाउपत्रदाताले धरौटी वापत रु४५०००।- (अक्षरुपी रु पैचालिस हजार मात्र ) माछापुच्छ्रे गाउँपालिका कास्कीको नाउंमा रहेको प्रभु बैंकको धरौटी खाता नं.१४००१०९२२३४०००४८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा ४५ दिन (दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन बाट) म्याद कायम रहेको वाणिज्य बैंक (क श्रेणी) बाट यस माछापुच्छ्रे गाउँपालिकाको नाममा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएमा कुल कवोल अंक (मु.अ.कर सहित) को ५( पाँच) प्रतिशत सम्मले नपुग हुने थप धरौटी वापतको रकम माथि उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा सामान आपूर्ति गर्ने अन्तिम अवधि भन्दा घटीमा ३० दिन वढी म्याद कायम रहेको

वाणिज्य वैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी संझौता गर्नु पर्नेछ । नगद जमानत राखेकोमा पछि वैंक जमानतमा परिणत गर्न पाईने छैन ।

८) दरभाउपत्र दाताले आफूले कवोल गरेको प्रत्येक आइटमहरुको मु.अ. कर वाहेकको दररेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९) दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको वा टिपेक्स लगाएको स्थानमा सहीछाप गरेको हुनुपर्नेछ । दरभाउपत्र फारामको फोटोकपी गरी पेश गरेको, यस गाउँ कार्यपालिका कार्यालयबाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मका नाउंमा विक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फवाट पेश गरेको, दररेट अंक र अक्षर दुवैमा नलेखिएको वा फर्मको तर्फवाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन । साथै म्याद नाघी वा रित नपुगी पेस गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०) विड अफ क्वान्टिटीजमा(BOQ) उल्लेखित **औजार उपकरण तथा सामाग्री**हरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमानै उपलव्ध गराउनु पर्नेछ ।

११) आपूर्तिकर्ताले WHO/GMP/ISO प्राप्त कम्पनीहरुवाट उत्पादित **औजार उपकरण तथा सामाग्री**हरु मात्र आपूर्ति गर्नु पर्नेछ

१२) आपूर्तिकर्ताले **औजार उपकरण तथा सामाग्री**हरु उत्पादन गर्ने कम्पनीको नाम उल्लेख गर्नु पर्नेछ ।

१३) दरभाउपत्र अनूसार कवोल गरि पेश गरिएको दरभाउपत्र मुल्यांकनलाई ग्राह्य हुनेछ ।

१४) आपूर्ति गरिने **औजार उपकरण तथा सामाग्री** मान्य अवधि मिति (Expiry Date) स्टोर दाखिला भएको दिनवाट कम्तीमा १८ महिना वांकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका **औजार उपकरण तथा सामाग्री** हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद वांकी हुनु पर्नेछ ।

१५) आपूर्ति हुने **औजार उपकरण तथा सामाग्रीहरुको लेवल लगाएको हुनु पर्ने** ।

१६) माछापुच्छ्रे गाउँपालिकाको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस माछापुच्छ्रे गाउँपालिकामा सुरक्षित रहनेछ ।

१७) कुनै दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्ने छैन ।

१८) दरभाउपत्र स्विकृत भई यस माछापुच्छ्रे गाउँपालिकाले तोकेको अवधि भित्र एकै पटक **औजार उपकरण तथा सामाग्री** उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गरिने **औजार उपकरण तथा सामाग्री**हरुको केही अंश वा सम्पूर्ण **औजार उपकरण तथा सामाग्री** वुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम कारवाही हुनेछ ।

१९) यो सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**